नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन नं. ०८७ – ५२००१२
फोन नं. ०८७ - ५२०११२
Email: daojumla@gmail.com

प.सं. २०७९/०८०

मिति २०७९/०८/०१

## मतदानको दिन सवारी साधन संचालन सम्बन्धी सूचना

२०७९ साल मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा श्री गृह मन्त्रालय, निर्वाचन सेलको च.नं. ७८६ मिति २०७९/०७/२८ को प्राप्त पत्रानुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ मा देहाय बमोजिमको व्यवस्था रहेको व्यहोरा सम्बन्धी सबैमा जानकारीको लागि सूचित गरिन्छ।

**१. मतदानको दिन देहायको सवारी साधन प्रयोग गर्न सवारी अनुमति-पत्र लिनु पर्ने छैन।**

क. बिरामी बोकेको एम्बुलेन्स,

ख. खानेपानीको ट्यांकर,

ग. दुध बोक्ने सवारी साधन,

घ. दमकल,

ङ. सूचना तथा प्रसारण वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय-पत्र वाहक र सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन,

च. शव-वाहन,

छ. अस्पतालमा कार्यरत परिचय-पत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीले आवागमनका लागि प्रयोग हुने सवारी साधन,

ज. निर्वाचन आयोगबाट जारी परिचय-पत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन,

झ. फोहोरमैला ओसारपसार गर्ने सवारी साधन,

२०७९/८/१
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०८७ – ५२००१२
फोन नं. ०८७ - ५२०११२
Email: daojumla@gmail.com
## जुम्ला

ञ. कूटनीतिक नियोग, यू.एन, एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन,

ट. विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन,

ठ. सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन,

ड. आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन।

**माथि उल्लेखित सवारी साधन मतदाता ओसारपसार गर्ने कामको लागि प्रयोग गर्न पाईने छैन।**

२. अपाङ्गता भई आफै हिँडडुल गर्न नसक्ने व्यक्तिको लागि वासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि वासस्थानसम्म आवतजावत गर्न अवधी कायम रहेको पूर्ण अशक्त वा अति अशक्त अपाङ्गता परिचय-पत्र (क र ख वर्ग) को आधारमा सवारी साधनको प्रयोग गर्न सकिनेछ। सोको लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा निर्वाचन अधिकृतबाट अनुमति-पत्र लिनुपर्नेछ।

३. सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यलयबाट जारी गरिने सवारी साधन अनुमति-पत्र।

**तपशिल**

| क्र. सं. | सवारी साधन प्रयोगकर्ता | सिफारिस गर्ने निकाय | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | उम्मेदवार वा उम्मेदवारको एक जना निर्वाचन प्रतिनिधि | | १. उम्मेदवाराका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा।<br>२. उम्मेदवारको एक जना निर्वाचन प्रतिनिधिका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा। | |

2068/८/१९

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय जुम्ला

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०८७ – ५२००१२
फोन नं. ०८७ - ५२०११२
Email: daojumla@gmail.com
## जुम्ला

४. प्रमुख जिल्ला अधिकारीबाट जारी गरिने सवारी साधन अनुमति-पत्र।

तपशिल

| क्र. सं. | सवारी साधन प्रयोगकर्ता | सिफारिस गर्ने निकाय | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल नागरिक उड्डयन प्राधिकरण वा उडानसँग सम्बन्धित वायुसेवा कम्पनीहरु | नागरिक उड्डयन प्राधिकरण | आवश्यकता अनुसार | |
| २ | कुटनीतिक नियोग वा संयुक्त राष्ट्रसंघका एजेन्सी वा विकास साझेदार संस्थाका नियमित कार्यालय प्रयोजनमा प्रयोग गरिने निलो नम्बर प्लेट बाहेकका सवारी साधन | परराष्ट्र मन्त्रालय | | |
| ३ | अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय (नियमित प्रयोजन) | अध्यागमन विभाग | आवश्यकता अनुसार | |
| ४ | अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय (नियमित प्रयोजन) | भन्सार विभाग | आवश्यकता अनुसार | |
| ५ | निर्वाचन आयोग बाहेकका संवैधानिक निकायहरु | सम्बन्धित संवैधानिक निकाय | आवश्यकता अनुसार | |
| ६ | संवैधानिक निकायका प्रादेशिक एवम् जिल्ला स्थित कार्यालयहरु | सम्बन्धित संवैधानिक निकायका कार्यालयहरु | आवश्यकता अनुसार | |
| ७ | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | आवश्यकता अनुसार | |

२०६९/८/१९
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन नं. ०८७ – ५२००१२
फोन नं. ०८७ - ५२०११२
Email: daojumla@gmail.com

५. आन्तरिक हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुहरुको हकमा हवाई टिकटका आधारमा बासस्थानदेखि विमानस्थल र विमानस्थलदेखि यात्रुको बासस्थानको आवागमनको लागि प्रमुख जिल्ला अधिकारीबाट सहजीकरण हुनेछ।

६. मापदण्ड बमोजिम जारी गरिएको सवारी अनुमति-पत्र बमोजिमको सवारी साधन सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्नेछ।

७. मापदण्ड बमोजिम सवारी आवागमन अनुमति पत्र प्राप्त गर्ने व्यक्तिले देहाय बमोजिमका शर्तहरुको पालना गर्नुपर्नेछः-

क. सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्ने,
ख. सवारीमा परिचयपत्र वाहक आधिकारिक व्यक्तिबाहेक राख्न नपाईने,
ग. सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाईने,
घ. सवारी साधनलाई मतदान केन्द्रभित्र प्रवेश अनुमति नहुने,
ङ. सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाईएमा वा सवारी साधनको दुरुपयोग भएको पाईएमा त्यस्तो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

८. मतदानको दिन कसैले मापदण्ड विपरीत सवारी साधन प्रयोग गरेको पाईएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारबाही गर्नेछ र मतदानको काम सम्पन्न भएपछि मात्र फिर्ता दिइनेछ।

२०६९।८।१७
(मुकेश कुमार केशरी)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी